चुरे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घरखेडा,कैलाली
सुदूरपश्चिम प्रदेश,नेपाल

# चुरे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## घरखेडा,कैलाली

प्रथम पटक प्रकाशित मिती :- २०८२/०४/२२

स्थानीय सरकार संचालन एन २०७४ को प्रतिच्छेद ९ को दफा ६२ (क) अनुसार यस चुरे गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भएर बग्ने IEE गरेको र घाटगद्दी तोकिएको शिवगंगा खोलाबाट गिट्टी, बालुवा, भरान, ग्राभेल आदिको कुल संकलन घ. मि ४,१३७.८७ मात्र (बिक्रि प्रति घन. मि रु २११.९१९ भ्याट बाहेक) नदि जन्य पदार्थको (स्थानीय निर्माण सामग्री) बिक्रि गर्न सक्ने प्रावधान बमोजिम आ. व ०८२/०८३ का लागि गाउँसभाबाट तोकिएको दर रेट बमोजिम रोयल्टी संकलन गर्न चाहने इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुको जानकारीका लागि तपशील बमोजिमको शर्तको अधिनमा रही ०७ दिने दरभाउ पत्र आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

तपशिलका शर्तहरु :

१। शिवगंगा खोला को हकमा न्युनतम ठेक्का अंक रु ८,७६,८९३।३६ /-(रु आठ लाख छयहत्तर हजार आठ सय त्रियान्नब्बे, छत्तीस पैसा ) (भ्याट बाहेक) (भ्याट बाहेक) कायम गरिएको छ ।

२। ठेक्का अवधि ठेक्का स्वीकृत भै सम्झौता गरेको मितिले ०८३ साल जेष्ठ मसान्तसम्म कायम रहने छ ।

३। तोकिएको स्थानको सिमा रेखाभन्दा बाहिर गई रोयल्टी संकलन गर्न पाइने छैन, तोकिएको सिमाभन्दा बाहिर गई रोयल्टी असुली गरिएको जानकारी वा प्रमाण फेला परेमा यस कार्यालयले ठेक्का सम्झौता रद्द गर्न सक्नेछ ।

४। दरभाउ पत्र दाखिला गर्न इच्छुक फर्म वा कम्पनीहरुले दरभाउ पत्र खरिद वाफतको रकम लक्ष्मी सनराइज बैंक सहजपुर शाखामा यस कार्यालयको नाममा रहेको आन्तरिक राजस्व खाता नं ०८२०५२९९६३७०३००६ मा नगद रु १,००० /- (पछि फिर्ता नहुने गरि) जम्मा गरेको भौचर समेत संलग्न गरि पेश गर्नु पर्नेछ।

५। दरभाउ पत्र ७ औ दिनको १२ बजेभित्र कार्यालयमा पेश गरिसक्नु पर्नेछ र सोहि दिनको २ बजे खोलिने हुदा सो समयमा ठेकदार वा निजको तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा बाधा पर्ने छैन।

६। दरभाउ पत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परे लगतै कार्यालय खुलेको दिन सो सम्बन्धी काम हुनेछ।

७। दरभाउ पत्र दर्ता गर्दा इच्छुक फर्मले आफुले कबोल गरेको ठेक्का अंक (भ्याट सहित) को ५ % रकम यस कार्यालयको लक्ष्मी सनराइज बैंक स्थित धरौटी खाता (०८२०५२९९६३७०३००३) मा जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ। भौचर वा सो रकम बराबर को दरभाउ पत्र खुल्ने दिन पछिको ७५ दिन म्याद भएको "क" वर्गको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ। दरभाउ पत्र २०८२/०४/२७ गते कार्यालय खुल्ने समयसम्म खरिद गरिसक्नु पर्ने छ।

८। ठेक्का स्वीकृत भएपछि सम्झौता गर्न आउदा ठेक्का रकम (भ्याट सहित) लाई ३ किस्ता गरी सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाकी किस्ताको हकमा नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त बाणिज्य बैंकबाट जारी गरिएको २०८३ अषाढ मसान्तसम्म म्याद भएको कार्य सम्पादन जमानत (Performance Bond) पेश गर्नु पर्नेछ।

९। ठेक्काको किस्ता रकम तिन किस्तामा बुझाउनु पर्नेछ। जसमा पहिलो किस्ता सम्झौताको वखत, दोस्रो किस्ता फाल्गुन मसान्त र तेस्रो किस्ता जेष्ठ मसान्त भित्र बुझाउनु पर्नेछ। तोकिएको अवधि भित्र रकम दाखिला नगरेमा बैंक जमानत पत्रबाट अशुल उपर गरिनेछ।

१०। दरभाउ पत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पस्ट लेखेको हुनु पर्नेछ। फरक परेमा अक्षरलाई मान्यता दिईने छ । यस कार्यालयबाट प्रमाणित नगरी बिक्रि भएको म्याद नाघि आएको दरभाउ पत्र माथि कुनै कारवाही हुने छैन ।

११। यस शर्तमा लेखेका कुराहरु यसै बमोजिम र छुटेका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ । साथै कार्यगत शर्तका विवरणहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner

चुरे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घरखेडा, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

१२। स्वीकृत कार्य विवरण बमोजिम शिवगंगा नदीमा तोकिएको स्थानबाट बालुवा, गिट्टी र ग्राभेल उत्खनन परिमाण शिवगंगाको हकमा अधिकतम ४,१३७.८७ घन मिटर मात्र हुनु पर्नेछ । स्वीकृत परिमाण र तोकिएको बमोजिमको नदि घाट कभरेज भन्दा बाहिर गएर संकलन, उत्खनन र बिक्रि गर्न पाइने छैन।

१३। दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहने छ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner